बाँफिकोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

website: www.banphikotmun.gov.np

Email: ito.banphikotmun@gmail.com

Phone No. 9857888729/9857888720

प्रथम पटक प्रकाशति मिति तदानुसार २०२३अक्टोबर १९ वि सं२०८०।७।२।

**आन्तरिक आयतर्फको शिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना (बालुवा बिक्रि र संकलन)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ (४) र (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका आन्तरिक आय संकलनको (ठेक्का बन्दोबस्त)कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण ९क्ष्म्०(?) र गाउँ कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक्का अंकमा नघट्ने गरि आ.व. २०८०।०८१ को जेठ मसान्तसम्म को लागि ठेकका वन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म (अनिवार्य रुपमा मु.अ.कर र पानमा दर्ता भएका) हरुबाट दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपशिलमा उल्लेखित अनुसार कानुनि प्रक्रिया पुरा गरेका योग्य फर्महरुले शिलबन्दी दरभाउपत्र खरिद गरी शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन अनुरोध छ।

| प्याकेज नं | आय ठेक्का नं | विवरण (ठेक्का सम्बन्धी) | संकलन र विक्री गर्न पाउने अधिकतम परिमाण घनफिट | संकलन तथा विक्री शुल्क प्रति क्यू फिट | संकलन तथा विक्री शुल्क बापत हुने कुल न्यूनतम अंक रु | दरभाउपत्र फारम दस्तुर | विड सेक्युरिटी रकम रु | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र पेश गर्ने | दरभाउपत्र खोल्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्याकेज नं १ | BRM/RUKUM/SQ/ W/01/080-081 | Extraction of Natural River Bed Materials from sani Veri River (Garaghat And Dupka Bagar) | 220500 | ३ | 661500 | 1000 | 50000 | २०८०।७।२१। कार्यालय समयमा | २०८०।७।२२कार्यालयमा १२:०० वजे अगाडी | २०८०।७।२२। कार्यालयमा २:०० वजे |
| प्याकेज नं २ | BRM/RUKUM/SQ/ W/02/080-081 | Extraction of Natural River Bed Materials from sani Veri River (Lami Tal Ghat) | 222264 | ३ | 666792 | 1000 | 50000 | २०८०।७।२१। कार्यालय समयमा | २०८०।७।२२कार्यालयमा १२:०० वजे अगाडी | २०८०।७।२२। कार्यालयमा २:०० वजे |
| प्याकेज नं ३ | BRM/RUKUM/SQ/ W/03/080-081 | Extraction of Natural River Bed Materials from sani Veri River (Upallo Malubela Ghat) | 171990 | ३ | 515970 | 1000 | 50000 | २०८०।७।२१। कार्यालय समयमा | २०८०।७।२२कार्यालयमा १२:०० वजे अगाडी | २०८०।७।२२। कार्यालयमा २:०० वजे |
| प्याकेज नं ४ | BRM/RUKUM/SQ/ W/04/080-081 | Extraction of Natural River Bed Materials from sani Veri River (Tallo Malubela Ghat And Lagi Ghat ) | 207270 | ३ | 621810 | 1000 | 50000 | २०८०।७।२१। कार्यालय समयमा | २०८०।७।२२कार्यालयमा १२:०० वजे अगाडी | २०८०।७।२२। कार्यालयमा २:०० वजे |
| प्याकेज नं ५ | BRM/RUKUM/SQ/ W/05/080-081 | Extraction of Natural River Bed Materials from sani Veri River (Syarpu Tal Ghat/ Kharkhola) | 269892 | ३ | 809676 | 1000 | 50000 | २०८०।७।२१। कार्यालय समयमा | २०८०।७।२२कार्यालयमा १२:०० वजे अगाडी | २०८०।७।२२। कार्यालयमा २:०० वजे |

१.उल्लेखित प्याकेज नं. १ देखि ५ नं. ठेक्काको दरभाउपत्रहरु फारम खरिदको लागि यस कार्यालयको लागि यस कार्यालयको राजश्व उपशाखाबाट दरभाउपत्र दस्तुर बापत काटिएको नगदि रसिद, आ.व.२०८०।०८१ मा फर्म वा कम्पनि को नवीकरण भएको व्यवसाय दर्ता प्रमाण¬ पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित ७ औं दिनसम्म कार्यालय समय भित्र अलग अलग दरभाउपत्रहरु खरिद गर्न सकिने छ। साथै आयकर १.५ र मुल्य अभिर्वद्धि कर १३ प्रतिशतले हुने रकम किस्ता वुझाउदा दामासाहिले अनिवार्य वुझाउनुपर्ने छ।

२. दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी अलग अलग प्याकेजको शिलबन्दी सहित दरभाउपत्र भरि तोकिएको समय भित्र पेश गर्नु पर्नेछ।

३. कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारमहरुलाई मान्यता दिइने छैन।

४. खरिद भएका दरभाउपत्रहरु खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ। दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको दिनमा गरिने छ। रित पुर्वक पेश भएका दरभाउपत्रहरु दर्ता गर्ने समय सकिए लगत्तै सोहि दिनको २:00 बजे यस कार्यालयका तोकिएका कर्मचारी तथा ठेकेदारहरुको रोहवरमा यस गाउँकार्यपालिकाको कार्यालयमा खोलिने छ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न सकिने छ।

५. धरौटी अथवा विड सेक्युरीटी बापत रु ५००००। पचास हजार रकम यस कार्यालयको लक्ष्मी सनराइज वैक लिमिटेड बाँफिकोट शाखामा रहेको धरौटी खाता नं. ०९४११०००००७३ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको बैंक जमानत सक्कल प्रति संलग्न गरी पेश गर्नुपर्ने छ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र सो धरौटी रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ।

६. दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनिको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, आ.व. ०७९।०८० को कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्वन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्व घोषणाको पत्रको सक्कल प्रति समेत दरभाउपत्रसाथ पेश गर्नु पर्ने छ।

७. दरभाउपत्र फारमहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्टसँग लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। म्याद नाघी वा रित नपुगि प्राप्त भएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

९. अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत